फो.नं. : ०२१-५२१३५८/५२६५६८
Email : doadprovince1@gmail.com
Website: doad.p1.gov.np

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
# कृषि विकास निर्देशनालय
प्रदेश नं. १
विराटनगर, नेपाल

प.सं.०७६/७७
च.नं. ४९२

मिति:२०७६।०९।२३

विषय: कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा।

श्री कृषि ज्ञान केन्द्र,
पाँचथर, ईलाम, झापा, सुनसरी, उदयपुर, ओखलढुङ्गा, खोटाङ्ग, भोजपुर, संखुवासभा, सोलुखुम्बु, धनकुटा।

प्रस्तुत विषयमा प्रदेश सकारबाट मिति २०७६/०८/२४ मा स्वीकृत भएको कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि-२०७६ को क्र.सं. ३० मा कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धी कार्यविधि रहेको तहाँलाई विदितै छ। विगतका वर्षहरुमा सो कार्यक्रम यस निर्देशनालय समेतबाट सम्पादन भएको र सालवसाली रुपमा कार्यक्रम गर्नु पर्दा निर्देशनालयलाई समेत प्रयोग हुने गरि केही बुँदाहरु उल्लेख भएको र कृषि ज्ञान केन्द्रहरुले समेत मागको विवरण निर्देशनालयमा पेश गर्नु पर्ने, आपूर्तिकर्ता छनौट, सूचना प्रकाशन जस्ता कार्यहरु निर्देशनालय मार्फतबाट गर्ने भन्ने उल्लेख भएको छ।

आ.व. ०७६/०७७ मा कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यक्रम र बजेट निर्देशनालयमा नरहेको साथै आ.व. ०७६/०७७ को बजेट तथा कार्यक्रम सबै कृषि ज्ञान केन्द्रहरुबाटै हुने गरि कार्यक्रम स्वीकृत र खर्चको अख्तियारी भई गईसकेको परिप्रेक्षमा सूचना प्रकाशन, आपूर्तिकर्ता छनौट जस्ता कार्यहरु गरी कार्यक्रम कार्यान्वयन गर्न कतिपय कृषि ज्ञान केन्द्रहरुलाई द्विविधा पर्न गएको विषयमा छलफल भई निकासका लागि श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा पेश हुँदा मिति २०७६/०९/२१ गते भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं १ विराटनगरका श्रीमान् सचिव डा. विमल कुमार निर्मलज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णय अनुसार आ. व. ०७६/०७७ मा कृषि यान्त्रिकरण अनुदान परिचालन सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गर्न गराउनका लागि आपूर्तिकर्ता छनौट लगायतका अनुदान भुक्तानी सम्बन्धी सम्पूर्ण प्रक्रियाहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार सार्वजनिक निकायका प्रमुख नै जिम्मेवारी रहने भएकोले खर्च गर्न अख्तियार प्राप्त अधिकारीलाई नै सो सम्बन्धी सम्पूर्ण प्रकृयाहरु पूरा गरी कार्य सम्पन्न गर्ने तथा उक्त कार्यको लागि कृषि विकास निर्देशनालयबाट आवश्यक अनुगमन र सहजिकरण गर्ने भनी निर्णय भएको छ। तसर्थ, यस आ.व. ०७६/०७७ मा तहाँ स्वीकृत **"कृषि यान्त्रिकरणका लागि औजार उपकरण प्रयोग प्रवर्द्धन कार्यक्रम"** प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४, स्वीकृत कार्यविधि, र निर्देशनहरु बमोजिम सूचना प्रकाशन, आपूर्तिकर्ता छनौट लगायत सम्पूर्ण कार्यहरु समयमा नै तहाँ कृषि ज्ञान केन्द्रहरुबाट नै कार्यान्वयन गर्न गराउनु हुन निर्णय अनुसार अनुरोध गरिन्छ।

..........................
(प्रकाशकुमार डाँगी)
निमित्त प्रमुख

**वोधार्थ:**
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. १, विराटनगर, नेपाल ।